# देवदह नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
केरवानी, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

देवदह नगरपालिका नगर कार्यपालिकाको कार्यालय केरवानी, रुपन्देही लुम्बिनी प्रदेश, नेपाल २०७३

## नगर प्रहरी भर्ना सम्बन्धी सूचना
(प्रथम पटक प्रकाशित मिति २०८१/०७/२८)

यस देवदह नगरपालिकाको लागि तपशिलका उल्लेखित विभिन्न पदहरुमा करार सेवामा नगर प्रहरी कर्मचारी पदपुर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिनभित्र कार्यालय समयमा राजश्व तिरेको रसिद सहित तोकिएको सम्पूर्ण कागजात संलग्न गरि दरखास्त दिनुहुन मिति २०८१/०७/२७ गतेको पदपुर्ति समितिको निर्णयानुसार सम्बन्धित सबैको जानकारिको लागि यो सूचना प्रकाशन गरिएको छ। आवेदन फारम तथा पाठ्यक्रम यस देवदह नगरपालिका कार्यालयको वेबसाईट www.devdahamun.gov.np बाट डाउनलोड गर्न सकिनेछ।

**तपशील**

| क्र.सं. | विज्ञापन नं. | पद | तह | पद संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १. | ३/०८१-०८२ | नगर प्रहरी नायब निरीक्षक (पुरुष) | सहायकस्तर पाँचौं | १ (एक) | |
| २. | ४/०८१-०८२ | नगर प्रहरी जवान (पुरुष) | श्रेणी विहिन | ५ (पाँच) | |

१. **आवश्यक न्यूनतम योग्यताहरुः-**

(क) शैक्षिक योग्यताः-

(१) नायब निरीक्षक पदका लागिः- मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रमाण पत्र तह वा सो सरह उत्तिर्ण।

(२) प्रहरी जवान पदका लागिः- मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.ई.ई. वा सो सरह उत्तिर्ण।

(ख) नेपाली नागरिक।

(ग) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको।

(घ) उचाई, छाती र तौलः- उचाई घटीमा ५ फिट २ ईन्च, छाती नफूल्लाउदा घटीम ३१ ईन्च र फुल्लाउदा ३३ ईन्च, तौल न्यूनतम ५० के.जी.।

(ङ) आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको।

२. **दरखास्तसाथ समावेश गर्नुपर्ने कागजातहरुः-**

(क) नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि १ प्रति।

(ख) शैक्षिक योग्यताको प्रमाण पत्र (प्रत्येक तहको लाब्धाङ्क, चारित्रिक, स्थायी वा प्रोभिजनल प्रमाण पत्र) को प्रतिलिपि १/१ प्रति।

(ग) हालसालै खिचिएको दुवै कान देखिने पासपोर्ट साइजको फोटो ५ प्रति।

(घ) अनुभवका प्रमाणपत्र (बहालवाला नगर प्रहरीको हकमा बहालवाल खुल्ने प्रमाणपत्र)।

(ङ) हालको स्थायी ठेगाना खुल्ने कागजात।

(च) स्वीकृत चिकित्सकबाट प्रमाणित निरोगिताको प्रमाण पत्र।

३. **उमेरः**

(क)प्रहरी नायब निरीक्षकका लागिः- २०८१ बैशाख १ गतेसम्म १८ वर्ष उमेर पुगेको र २४ वर्ष ननाघेको तर बहालवाला वा कम्तिमा ५ वर्ष सेवामा बहाल रही अवकाशप्राप्त नगर प्रहरी, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल वा नेपाली सेनाको हकमा ४५ वर्ष ननाघेको।

रमेश गिरी
शाखा अधिकृत

(ख)प्रहरी जवानका लागिः- २०८१ बैशाख १ गतेसम्म १८ वर्ष उमेर पुगेको र २३ वर्ष ननाघेको तर खुला प्रतियोगितामा भाग लिने बहालवाला वा कम्तिमा ५ वर्ष सेवामा बहाल रही अवकाशप्राप्त नगर प्रहरी, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल वा नेपाली सेनाको हकमा ४० वर्ष ननाघेको।

४. **दरखास्त दस्तुरः** प्रहरी नायब निरीक्षक पदका लागि रु. १०००/-, प्रहरी जवान पदका लागि रु. ५००/-

५. **दरखास्त बुझाउने स्थानः** देवदह नगरपालिका,नगर कार्यपालिकाको कार्यालय, केरवानी, रुपन्देही। (उम्मेदवार स्वयं उपस्थित भई दरखास्त फाराम बुझाउनु पर्नेछ र अनलाइन आवेदन लिइने छैन।)

६. **दरखास्त दिने अन्तिम मितिः** २०८१/०८/२७ गते कार्यालय समय भित्र।

७. **सेवा सुविधाः** सम्झौता बमोजिम।

८. **परीक्षाको मितिः** पछि प्रकाशन गरिनेछ।

९. **परीक्षाको किसिमः** (क) प्रारम्भिक स्वास्थ्य परिक्षण/ शारीरिक तन्दुरुस्ती परीक्षा, (ख) विस्तृत स्वास्थ्य परीक्षण परीक्षा, (ग) लिखित परीक्षा र (घ) अन्तरवार्ता।

१०. **करार अवधीः** सम्झौता बमोजिम

११. अन्य कुरा देवदह नगरपालिकाको नगर प्रहरी ऐन, २०७६ (संशोधन सहित) र प्रचलित कानुन बमोजिम हुनेछ।

**पुनश्चः**

- हरेक चरणको परीक्षा समाप्ती पछि नतिजा प्रकाशन गरिनेछ र उत्तीर्ण उम्मेदवारहरुलाई मात्र अर्को चरणको परीक्षामा सम्मिलित गराइनेछ।
- नियुक्तिका लागि सिफारिस भएका उम्मेदवारहरुले अनिवार्य रुपमा चालचलन सम्बन्धी चारित्रिक प्रमाण पत्र पेश गर्नुपर्नेछ।

**द्रष्टव्यः** अन्य आवश्यक जानकारिको लागि कार्यालय समयमा नगरपालिकाको कार्यालयमा सम्पर्क गर्नुहोला।

.....................
रमेश गिरी
शाखा अधिकृत

रमेश गिरी
शाखा अधिकृत